# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ २ गते ०१० साल

## भाग १

### राज्यव्यवस्थाको सूचना

२००७ सालको जनआन्दोलनको मौकामा लुटपीट भै धनमालको क्षति-सम्बन्धी बीरगंजतर्फको उजुरी परेकोले सो लुटपीटसम्बन्धी जाँच पडताल गर्न सरकारबाट यौटा जाँच कमीशन खडाएको छ । कमिशनमा श्रीरंगनाथ शर्मा र निजका सहायकको रुपमा ना . सु . मीनबहादुरसिंह, ख. विश्वनाथ र वि . ईश्वरीप्रसादसमेत नियुक्त हुनुभएको छ । जाँच कमिशनले घटनास्थल वीरगंज-मा गई लुटपीट हानि नोक्सानीको सम्पूर्ण जाँच पडताल गर्नेछ । साथै एकाउन्टेन्ट जनरल अफिसमा आएको रिपोर्टअनुसार त्यस क्रान्तिको मौकामा सरकारी तह-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६५

बील धनमाल खरखजाना नोक्सान भएको कुरासमेतको पनि जाँच पडताल गर्नेछ। आवश्यक जाँच पडताल सिध्याई सरकारी गैरसरकारी हानि नोक्सानीको फाँट-वारी तैयार गरी कमिशनले आफ्नो रिपोर्ट सरकारमा पेश गर्नेछ।

आज्ञाले,
माणिकलाल
का. मु. सेक्रटरी
राज्य–व्यवस्थाविभाग.

मुद्रण विभाग, सिंहदरबार

गोरखापत्र छापाखानामा मुद्रित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६६